## **वालिङ नगरपालिकाको १९ औं नगरपरिषद्बाट पारित**
## ***आ.व. २०७३/२०७४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट***

१९ औं नगरपरिषद्बाट पारित नीति तथा कार्यक्रम र बजेट सार्वजनीक समारोहका प्रमुख अतिथि मा. श्री गोपालमान श्रेष्ठ ज्यू विशिष्ट अतिथि मा. श्री कमलप्रसाद पंगेनी ज्यू, मा. श्री धनराज गुरुङ ज्यू, मा. श्री कुमारी टेकु नेपाली ज्यू, पूर्व मा. श्री पदमा अर्याल ज्यू, श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारीज्यू, विशेष अतिथि जिल्ला स्तरिय राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, विषयगत कार्यालयका प्रमुख एंव प्रतिनिधिज्यूहरु, क्षेत्रीयस्तरका राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, पुतलीबजार, चापाकोट, भिरकोट नगरपालिकाका प्रमुख एंव कार्यकारी अधिकृतज्यहरू, पूर्वनगरप्रमुख एंव पूर्व निर्वाचित जनप्रतिनिधिज्यूहरु, इलाकाप्रशासन कार्यालयका प्रमुख एंव नगरस्तरीय सम्पूर्ण कार्यालयका प्रमुख एंव प्रतिनिधिज्यूहरु नगर विकास समितिका अध्यक्षज्यू, उद्योग वाणिज्यसंघका अध्यक्षज्यू, नगरस्तरीय शान्ती समितिका संयोजक ज्यू, एकिकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, उच्च मा.वी. तथा क्याम्पस प्रमुखज्यूहरु नगरस्तरीय फोहरमैला व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्यज्यूहरु, महिला, अदिवासी, जनजाति, दलित, भिन्न क्षमता (अपांग) र वालबालिकाका नगर समन्वय समितिका प्रतिनधिज्यूहरु, वडा नागरीक मञ्चका अध्यक्ष एवं सम्पूर्ण सदस्यज्यूहरु, पत्रकार महासंघ स्याङजाका अध्यक्ष एंव पदाधिकारीज्यूहरु, गैर सरकारी एंव सामूदायिक संघसंस्थाका प्रमुख एंव प्रतिनिधि ज्यूहरु, टोल विकास समितिका अध्यक्ष एंव सदस्यहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, संचारकर्मी मित्रहरु लगायत सम्पूर्ण अतिथिज्यूहरु, नगरवासी आदरणीय आमा-बुबा दाजुभाई दिदीवहिनी सम्पूर्ण सज्जनबृन्द, कर्मचारी मित्रहरु एंव उपस्थित सम्पूर्ण महानुभावहरुमा  यस वालिङ नगरपालिकाको १९ औं नगरपरिषद्को निर्णय सार्वजनिकीकरण समारोहमा  उपस्थित भई यस समारोहको गरिमा बढाई दिनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । त्यसै गरी यस पावन अवशरमा म राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नु हुने गंगालाल श्रेष्ठ, दशरथचन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री जस्ता ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु ।

स्याङजा जिल्लाको मध्यभागमा अवस्थित पौराणीक नदी आंधीखोलाको किनार पवित्र धार्मिकस्थल गह्रौकालिकाको काखमा रहेको समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक,

पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण केन्द्रको रुपमा रहेको यस वालिङ नगरपालिकाको १९ औं नगरपरिषद् मार्फत आ.व.२०७३/२०७४ को बार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वित भएको छु । जनताले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप पूर्व योजना तर्जुमा बैठकले निधारण गरेको नीति तथा सिद्धान्तको आधारमा रहेर सबै टोल वासी एंव वडा वासीहरुको व्यापक सहभागिता र वडा नागरिक मञ्चको पूर्ण सक्रियतामा वडास्तरीय योजना तर्जुमा तथा विषयगत योजना तर्जुमा गरी राजश्व पारमर्श समिति र एकीकृत योजना तर्जुमा समितिको बैठकले त्यसलाई पूर्णता बैठक विभिन्न सरोकार वालाहरुसंग अन्तक्रिया छलफल र समन्वय गरी नगरपालिकाको वोर्ड बैठकमा समेत छलफल गरी तयार पारिएको र १९ औं नगरपरिषद्ले पारित गरेको आगामी आर्थिक वर्ष २०७३/२०७४ को बार्षिक नगर विकास योजनाको नीति, तथा कार्यक्रम र बजेटको विवरण सहित यहांहरु सामु उपस्थित भएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट स्थानिय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ तथा सो सम्बद्ध कार्यविधि एंव परिपत्रहरुले निर्दिष्ट गरेका योजना प्रक्रियालाई अवलम्वन गरी सहभागितामुलक ढंगले तर्जुमा गरिएको छ । विशेष गरी नगरपालिकाको आवधिक योजना, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, त्रिवर्षीय योजना, सहस्रब्दी विकास लक्ष्य, राष्ट्रिय नीतिहरु एंव योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, गत तथा चालु आ.व.का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीताबाट प्राप्त सिकाईहरु समेतका आधारमा आगामी आ.व.का लागि प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ । यो कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जाने विश्वास लिएका छौं ।

हाम्रो यस नगरपालिकाको आर्थिक सामाजिक, सांस्कृतिक विविधता एंव भौगोलीक अवस्थितिका आधारमा हाम्रा विकासका पूर्वाधारहरु तय गर्दै जानु पर्ने अवस्था छ । स्थानीय तहमा क्रियाशील राजनैतिकदलहरु, स्थानीय समुदाय र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय स्रोत, साधन र क्षमतालाई परिचालन गरी सामाजिक र आर्थिक क्षेत्रलाई संस्थागत गरी भौगोलिक पूर्वाधार विकास एंव क्षमता विकासका कार्यक्रमहरु मार्फत विकासको प्रयासलाई अगाडि बढाउनु आवश्यक छ । हामीसंग उपलब्ध प्राकृतिक सम्पदाहरु, पर्यटकीय

संभावनाहरुलाई समेत महत्वपूर्ण रुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने चुनौती हाम्रा सामु विधमान रहेको छ । नगरका धेरैजसो वडाहरु पहाडी भेकको रुपमा रहेका र त्यहां अझै पनि आधारभुत पुर्वाधारहरु पुग्न सकेका छैनन् । यूवा शक्ति रोजगारीको सिलसिलामा विदेशियका कारण कृषि उत्पादनमा ह्रासोन्मुख रहेको छ । न्यून श्रोत साधनका बाबाजुत पनि नगरपालिकाको शिरको रुपमा रहेको गह्रौसुरको प्रचार प्रसार, प्रवर्द्धन र विकास गर्न जरुरी भै सकेको छ ।

उल्लेखित चुनौतीहरुको सामना गर्न सरकारी, गैर सरकारी, निजी क्षेत्र एंव स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमति र समझदारीबाट मात्र संभव रहन्छ । यस अवस्थामा हामीले रोजगारी र आय आर्जनका अवसरहरु बृद्धि गर्न कृषि उत्पादनमा बृद्धि, पशुजन्य व्यवसाय प्रर्वद्धन, लघु उद्योग प्रर्वद्धन, स्थानीय सीप साधनहरुबाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, सहकारी प्रवर्द्धन, आधारभूत शहरी पुर्वाधारहरुको विकास र उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी विकास प्रक्रियामा सबै वर्ग, क्षेत्रका समुदायहरुलाई परिचालन गर्न सकेमा मात्र परिर्वतनमुखी एवं परिणाममुखी विकास संभव हुने देखिन्छ । समावेशी, समन्यायिक तथा परिणाममुखी  विकासको प्रयासमा जुटन समस्त उद्यमी, व्यवशायी, नागरिक समाज राजनैतिक दलका पदाधिकारी, सरकारी तथा गैर सरकारी निकायहरु, स्थानीय समुादायहरु, संघसंस्थाहरु एवं सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

स्थानीय निकायहरु सरकारका विषयगत कार्यालय मात्र नभएर जनताको सबैभन्दा नजिकको सरकार पनि हुन । स्थानीय सरकारको रुपमा जनताका प्रत्यक्ष सरोकारका सम्पूर्ण पक्षहरुको सम्बोधन गर्नु पर्ने यस्ता महत्वपूर्ण निकायहरु लामो समयसम्म जनप्रतिनिधि विहिन रहनु आफैमा ठूलो विडम्वनाको रुपमा रहको छ । यस जनप्रतिनिधि विहीनको जटिलता एंव विषम परिस्थिमा पनि नगरस्तरीय राजनैतिक दलका पदाधिकारीज्यूहरुसंग उच्चतम समन्वय कायम गरी उपलब्ध सीमित श्रोत र साधनको अधिकतम परिचालन गर्दै बद्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभुत शहरी सेवा सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङ्गो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहांहरु सबैमा अनुरोध गर्न चाहन्छु । साथै वर्तमान परिस्थितिमा समुदायमा आधारित वडा नागरीक मन्च, नगरस्तरीय फोहरमैवा व्यवस्थापन समिति टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, नागरिक समाज एंव विभिन्न पेशागत संघ

संगठनहरुले नगरपालिका र नगरवासी बीच एक विश्वासिलो सेतुको रुपमा काम गरी आएको छ । निर्वाचित जनप्रतिनधिहरुको व्यवस्था हुन नसकेता पनि जनमुखी एंव जिम्मेवार राजनैतिक दलहरुको सहमती, समन्वय, सहयोग र सहकार्यमा वालिङ्ग नगरपालिका आफ्नो घोषित लक्ष्य हासिल गर्न अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । यद्यपी हामी कर्मचारीहरुबाट जनप्रतिनिधिको भूमिका समेत निर्वाह गर्नु प्रजातन्त्र एंव लोकतन्त्रको मर्मको विपरित हुने र कतिपय सेवाहरु जनप्रतिनिधिहरुबाट मात्र प्रदत्त हुन सक्ने तथा प्रभावकारी हुने वास्तविकतालाई दृष्टिगत गर्दै स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरुको यथाशिघ्र परिपूर्तिका लागि यस गरिमामय सभा मार्फत नेपाल सकारको घ्यानाकर्षण गर्न चाहन्छु ।

स्याङजा जिल्लकै सबैभन्दा ठूलो शहरी केन्द्रको रुपमा स्थापित यस वालिङ नगरिमा बढ्दै गएको शहरीकरण र जनसंख्यां बृद्धिको चापले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दवाव पर्न गएको र यसलाई सम्वोधन गर्ने सर्न्दभमा व्यवस्थित शहरीकरण तर्फ घ्यान पुऱ्याउदै नगरको एक छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण नगरवासीहरु चनाखो हुनु पर्ने देखिन्छ । यसका लागि नगरको क्षेत्रगत दीर्घकालिन नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि विकासका साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एंव रणनीतिका दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन, दीर्घकालिन योजना सहित अघि बढ्नु पर्ने वेला आईसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

रणनीतिक हिसावले आर्थिक तथा सामाजिक विकासका प्रचुर संभावना हुदाहुदै पनि आन्तरिक श्रोत साधनको न्यूनताका कारण हाम्रो विकास प्रयास नेपाल सरकारको अनुदानमा नै पूर्ण निर्भर रहेको छ । नगरपालिकालाई प्राप्त सीमित श्रोत र साधनबाट नगरवासीका असीमित आवश्यकताहरु पुरा गर्न  अवश्य निकै कठिनाई छ । तथापि योजना तर्जुमा गर्दा सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदायको सहभागीता रहन सकोस भन्ने तर्फ घ्यान दिईएको छ । साथै सरोकारवाला वर्ग, क्षेत्रबाट प्राप्त सुझाव एंव मागहरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरी कार्यान्वयनको लागि प्रस्ताव गरिएको छ ।

***उपस्थित सम्पूर्ण महानुभावहरु:***

अव म आगामी आ.व.को बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व गत तथा चालु आ.व.मा संचालित कार्यक्रमको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व. २०७१/०७२ को चालुगततर्फ १ करोड ३८ लाख ९२ हजार २ सय ६६ रुपैया अनुमान गरिएकोमा स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रममा बृद्धि भएको र बालबालिका पोषण भक्ता सहित यथार्थ आम्दानी १ करोड ७३ लाख ८२ हजार २ सय ३७ रुपैया पैसा ५१ भई ७९.९२ प्रतिशतले बृद्धि भएको छ । त्यसै गरि भुक्तानी तर्फ स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) र बालवालिकाको पोषण भत्ता सहित चालु खर्च १ करोड ७९ लाख ४२ हजार ४६ रुपैया पैसा ४१ भई अनुमानमा ७७.४२ प्रतिशत ले खर्च बृद्धि भएको छ । जसमा बृद्धि हुनाको कारण अनुमान भन्दा आम्दानी नै बढी हुनाले ( LGCDP) तर्फ तोकिएको काम गर्न सकिएकोले चालु खर्च स्वतः बढ्न गएको छ । त्यसैगरी पूजिगत तर्फ नेपाल सरकार निर्शत अनुदान, जगेडा कोष अनुदान, राजश्व वांडफाड, सडकवोर्ड नेपाल समेत अनुदानहरु यस नगरपालिकाको पूजिगत बजेटको प्रमुख श्रोतको रुपमा रहेको छ । कूल पूजिगत अनुमान बजेट ६ करोड ४ लाख ४१ हजार १ सय १ रुपैया पैसा ५५ गरिएकोमा कृषि सडकको रु .२५ लाख र नेपाल सरकार कै निःशर्तमा बजेट कटौतीमा परेता पनि हाम्रो प्रयास कै कारण यथार्थ आय ७ करोड ९९ लाख २ हजार ६ सय ५६ रुपैया पैसा ३८ प्राप्त भएको छ । यसरी चालुगत तथा पूजीगत र दलति पोषण भत्ता, मर्मत संभार, प्रकोप व्यवस्थापन कोष, भुकम्प राहत वितरण, धरौटी सहित कूल १० करोड ८९ लाख ५१ हजार २ सय पैतीस रुपैया पैसा ७६ प्राप्त भई अनुमानमा ६८.२२ प्रतिशतले बृद्धि भएको थियो । (पूजिगत खर्च तर्फ ६ करोड ४ लाख ४१ हजार १ सय १ रुपैया ५५ पैसा अनुमान थियो जसमा ६ करोड ९३ लाख २० हजार ९ सय ७४ रुपैया ८९ पैसा खर्च भई पूजिगतमा १४.६९ प्रतितशले बृद्धि भएको छ) । सबैको सहयोगबाट यो उपलब्धि भएको छ । जसमध्ये भौतिक प्रगति तर्फ सडक निर्माणमा १ करोड ५८ लाख ५५ हजार ९ सय, शिक्षा विकास कार्यक्रम २२ लाख १६ हजार ९ सय ८३ रुपैया, शहरी स्वास्थ्य किलनकि भवन निर्माण ५३ लाख ४१ हजार ९ सय ४५ रुपैया, खानेपानी तर्फ १ लाख ८५ हजार प्रबद्धनात्मक कार्यक्रम तथा योजना तर्फ ३१ लाख ७३ हजार ६ सय ३८, गाडी तथा मोटरसाईकल खरिद ३५ लाख ७ सय ८७ रुपैया लक्षीत कार्यक्रम तर्फ ३३ लाख ४३ हजार २ सय ३० रुपैया वसपार्क जग्गा खरिद २ करोड गतवर्षको योजना भुक्तानी सहित १ करोड ५७ लाख ३ हजार ४ सय ९१ रुपैया पैसा ८९ भएको छ । त्यसै गरि योजना मर्मत संभार १

लाख २० हजार ५ सय, भुकम्प कार्ड छपाई २७ हजार १ सय २० रुपैया र भुकम्प राहत वितरण ५८ लाख ११ हजार पेश्की र धरौटी फिर्ता ४ लाख ४५ हजार ८ सय ५५ रुपैया ८७ पैसा सहित कूल भुक्तनाी ९ करोड ३६ लाख ६७ हजार ४ सय ९७ रुपैया पैसा १७ थियो । जसमा चालु आ.व.को लागि धरौटी सहित कूल मौज्दात १ करोड ५२ लाख ८३ हजार ७ सय ३८ रुपैया पैसा ५९ सरेको छ । लेखा परीक्षण समेत सम्पन्न भैसकेको छ ।

***आदरणीय उपस्थित महानुभावहरुः***

माथि उल्लेखीत वित्तिय अवस्थाका अतिरिक्त चालु आ.व.को मंसिर मसान्तसम्म निम्न बमेजिमका सकारात्मक कार्यहरु गर्न थालिएकोले बांकी अवधी सम्म अपेक्षित गरेका कार्यहरु पूरा गर्न सकिने विश्वास लिएकोछु ।

१) कार्यालयको सेवा प्रवाहलाई सुव्यवस्थित गर्न आधुनिक प्रविधिको प्रयोग गरी जनतामा विश्वसनीयता पैदा गरी सुशासनमा टेवा दिन Software राखी कम्प्यूटर प्रविधिको प्रयोगबाट राजश्व र लेखाको कारोबार सुरु गरिएको छ । यसले सबैप्रति सकरात्मक प्रभाव पारेको महसुस गएिको छ ।

२) पारदर्शिता सुशासनको आधारस्तम्भ भएकाले नगरपालिकामा भए गरेका काम कारवाहीहरुलाई सूचनाको आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत सूचना पार्टीमा सूचना टांस्नुका अतिरिक्त कार्यालयको webpage / face book निर्माण गरि सोही माध्यमबाट सूचना प्रवाह गर्ने गरिएको छ ।

३) नगरलाई वातावरण मैत्री बनाउन सुरुवात नगरपालिकाबाटै गर्नु पर्दछ भनि कार्यालय हात

भित्र फुलरोपण, वृक्षारोपण गरिहरियाली बढाउने गरी दिर्घकालिन तथा अल्पकालीन कार्यको थालनि गरिएको छ । विस्तारै सोही बमोजिम घरघरमा कम्तिमा २/२ वटा फलफूलको विरुवा लगाउन प्रेरणा जगाई घर घरलाईनै वातावरण मैत्री बनाउने सुरुवात गरिएको छ ।

४) कार्यालयको काममा समयमै व्यवस्थित होस भनि प्रत्येक महिना नियमित रुपमा राजनीतिक दल सहितको वोर्ड बैठक, सुपरिवेक्षण तथा अनुगमन समितिको बैठक, कर्मचारीहरुको बैठक र आवश्यकता अनुसार अन्य बैठकहरु (सार्वजनीक सुनुवाई समेत) राखी छलफल गर्ने र निर्णयमा पुग्ने गरिएको छ । यसरी भएको निर्णय तत्काल

कार्यान्वयनमा समेत जाने गरिएको छ । यसबाट एकातीर कसैप्रति पनि द्वैशको भावना नरहने र कार्य प्रक्रियामा पनि सहजीकरण हुने गरेको महशुस गरिएको छ ।

५) कार्यालयको गाडी चालु हालतमा राख्न पूरानो भै बढि मर्मत गर्नु पर्ने र निरन्तरता कठिन अवस्था भै सकेकोले नयां गाडी खरिदको लागि मन्त्रालयसंग समन्वय गरी सवारी साधन खरिदको लागि बजेट माग गरिएकोमा मन्त्रालयबाट सो प्राप्त गर्न सफल भै नयां गाडी खरिद गरिएको छ । पूरानो गाडी लिलाम गर्ने निर्णय बमोजिम एक ट्रक र २ वटा मोटरसाईकल लिलाम गरिएको छ । भने बांकी को लागी प्रकृयिा अगाडी बढाईएको छ ।

६) विगत लामो समय देखी नगरपालिका क्षेत्र भित्र व्यवस्थित वसर्पाक निर्माण गर्न जग्गाप्राप्तिका लागी गरिएको प्रयास गत आ.व.को श्रवाण १ गतेबाट सुरु गरीपूरा गर्न सकिएको छ । जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, स्याङजा मार्फत वालिङ ३ र ५ स्थित मिर्दिबजार खरिवोट मूनिको २०-१०-३-२ क्षेत्रफलको व्यक्तिको जग्गा रु. २ करोड मुआव्जा दिई अधिग्रहण गरिएको र सोहीसंग जोडिएको करिव १० रोपनी सार्वजनीक जग्गालाई समेत प्रयोग गरी करिव ३० रोपनी जग्गा कायम भई वसपार्क निर्माणको लागी बाटो खुलेको छ ।

७) विगत १० महिना देखि घर-घरबाट उठ्न नसकेको फोहर व्यवस्थापन कार्य पूर्णामृत उच्चमाध्यामिक विद्यालयको वालिङ ८ स्थित मजुवामा रहेको करीव ३३ रोपनी जग्गा लिजमा लिई PPP को मोडलमा फोहर व्यवस्थापन साझेदारी प्रस्ताव माग गरे बमोजिम दिदि बहिनी तथा समाज उत्थान संस्थाले पेश गरेको सँझौतालाई बांकी प्रक्रिया पूरा गरी स्वीकृत गरी निजसंग शर्त सहित सम्झौता गरी नेपालभरीमै नौलो प्रयोगको रुपमा फोहरमैला व्यवस्थापन गरिएको छ । सोही बमोजिम घर-घरबाट कूहिने र नकूहिने फोहर छुट्टयाई छुट्टा-छुट्टै रुपमा लाने र कूहिने फोहर कम्पोस्टिङ्ग गर्ने र नकूहीने फोहर पून प्रयोग गर्ने गरी व्यवस्था मिलाईएको छ । यसका लागि साझेदारी संस्था दिदि बहिनी तथा समाज उत्थान, समन्वय कारी संस्था नगरस्तरीय फोहरमैला व्यवस्थापन समिति र सहयोगी संस्था उद्योग वाणिज्य संघ, वालिङलाई पनि धन्यवाद दिन चाहन्छु ।

८) लामो समय देखी फोहरमैला व्यवस्थानप हुन नसक्दा नगरका सार्वजनीक स्थलहरु पनि फोहर जन्य पदार्थले भरिएकोले यो सफाईको सुरुवात गरिनु पर्दछ भन्ने जनअपेक्षा बमोजिम नगरपालिकाकै निर्णय बमोजिम मिति २०७१।८।१४ गते नेपाल सरकारका श्रीमान मुख्य सचिव एंव वागमती सफाई अभियानका सफल अभियान्ता श्री लीलामणी पौडेल ज्यूको प्रमुख आतिथ्यता र श्रीमान कृषि सचिव श्री जयमुकुन्द खनालज्यू,

श्रीमान पश्चिमाञ्चल क्षेत्रिय प्रशासक श्री दिनेश थपलिया ज्यू लगायत प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी सहितको टोलीको उपस्थितिमा नगरवासीको सक्रिय सहभागीतामा वालिङ नगर बृहत सरसफाई अभियान २०७१ को सुभारम्भ गरिएको थियो । २३ हप्ता सम्म प्रत्येक शुक्रबार विहान ८.३० वजे देखि १०.० वजे सम्म सार्वजनीक स्थलको सफाई अभियान थालिएकोमा भुकम्प तथा अन्य कारणबाट केहि समय स्थगित हुन पुग्यो । यो अभियान एकै दिन, एकै जनाले र एउटै निकायले मात्र गरेर हुदैन त्यसैले सबैको सक्रिय सहभागीता रहयो भने केहि समय पछि वालिङ नगरीलाई सरसफाई युक्त नगरपलिका घोषित गर्न सकिने अपेक्षा गर्न सकिन्छ ।

१०) नगरपालिकालाई जनमैत्री कार्यालय घोषणा गर्न आवश्यक पूर्वाधारहरु तयार गरिएको छ । समय सापेक्ष नागरिक वडापत्रको निर्माण, कर्मचारी आचारसंहिता विनियम-२०७१ कर्मचारी कल्याणकोष संचालन विनियम–२०७१ वालिङ नगरपालिकाको सवारी साधन परिचालन विनियमावली २०७२ जस्ता महत्वपूर्ण नीतिहरु तर्जुमा गरि लागु गरिएका छन् । अव तिनको व्यवस्थित रुपमा कार्यान्वयन गर्न र त्यसले निरन्तरता पाउन जरुरी भएको छ ।

११) नगरपालिका क्षेत्रमा हुन सक्ने प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिलाई केहिहद सम्म भएपनि नगरवासीलाई राहत उपलब्ध गराउने हेतुले स्थापित प्रकोप व्यवस्थापन कोष परिचालन गर्न प्रकोप व्यवस्थापन कार्य योजना विनियम–२०७१ जारी गरिएकोमा यहि भाद्र ११ गते आएको आंधीखोला बाडीबाट ज्यान गुमाएका र घरबार गुमाएकाहरुलाई केहि हदसम्म भए पनि राहत प्रदान गर्न पाउदा र बैशाख १२ गतेको भुकम्पबाट प्रभावितहरुलाई तत्काल जरुरी त्रिपाल खरिद गरि वितरण गर्दा अन्यत्र नभएको प्रयोग वालिङले गर्दा सबलाई प्रेरणको माध्यम बन्न पाउदा धेरै गर्न नसके पनि नगरपालिका यस्ता विपदमा पनि नगरवासी प्रति सचेत रहेको जानकारी दिन सफल भएको ठानेको छु ।

१२) नगरपालिकामा मन्त्रालयबाट आउने नि:र्शत चालु तथा पूजिगत बजेट कटौतीले नगरपलिकाले १७ औ. परिषद्बाट पारित गरेका योजनाहरु नै कार्यान्वयन गर्न नसक्ने अवस्था र १७ औ. परिषद्बाट बजेट नै नछुट्याईएको वसपार्कको लागी जग्गा प्राप्ती योजना अगाडी बढाउने निर्णयले नगरपालिकाको बजेटमा ठूलो असर पर्ने देखि राजनीतिकदल सहितको बैठक वसि छलफल गर्दा केन्द्रमा डेलिगेशन जाने निर्णय गरी गएकोमा जग्गा प्राप्तीको लागी थप रु १६० लाख, सडक वोर्डबाट थप रु. २० लाख, गाडी खरिद रु. २० लाख, सरसफाई केन्द्र निर्माणमा रु. १५ लाख गरी २ करोड भन्दा बढि बजेट ल्याउन सक्नुलाई पनि यस अवधीको महत्वपूर्ण उपलब्धिको रुपमा लिएको छु । सर्शतकै बजेट भए पनि नगरपालिकामा यसले थप टेवापुऱ्याएको महशुस गरिएको

छ । यसका लागी नगरस्तरीय राजनीतीकदलका प्रमुख एंव प्रतिनिधिज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । र सहयोग पुऱ्याउनु हुने निकायप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

१३) लामो समयको प्रयास पछि वालिङ वासीको चाहना बमोजिम वालिङमा मालपोत र नापी कार्यालय स्थापनाको लागी नेपाल सरकारले निर्णय गरेको थियो र सो कार्यालयहरु स्थापना गर्न निकै कुटनीतिक पहल गर्नु पऱ्यो । यसका लागी सहयोग पुऱ्याउनु हुने नेपाल सरकार लगायत सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दै हार्दिक धन्यावाद दिन चाहान्छु । नगरपलिकाले लिएको यो चासो प्रति सबै तिरबाट सकरात्मक सन्देश आएको महशुस गरिएको छ ।

१४) मालपोत र नापी कार्यालय तत्काल जग्गा प्राप्ती भएमा भवन निर्माणको लागी बजेट प्राप्त हुने भनि कार्यालय उद्घाटनमा प्रमुख अतिथि श्रीमान सचिव लोकदर्शन रेग्मी ज्यूबाट आव्हान भए बमोजिम मालपोत र नापी कार्यालय वालिङले जग्गा व्यवस्थापनमा आवश्यक समन्वय गरि दिनु हुन भनी नगरपालिकालाई पत्र लेखे बमोजिम नि.शुल्क जग्गा दिन चाहनेहरुलाई सूचना प्रकाशन गरिएकोमा वालिङ ३ कटौजे स्थित स्व.श्री गुरुप्रसाद तिवारी, श्री पिताम्वर तिवारी र श्री डोलराज तिवारीहरुले संयूक्त रुपमा एकै स्थानमा २ रोपनी ८ आना जग्गा निःशुल्क रुपमा कार्यालय स्थापनाका लागी जग्गा उपलब्ध गराउनु भएकोले यहांहरुप्रति हार्दिक धन्यवाद र कृतज्ञयता प्रकट गर्दछु । यसै वर्ष ति दुवै कार्यालयको भवन निर्माणका लागी बजेट परेको कूरापनि यहां जानकारी गराउन चाहन्छु ।

१५) लामो प्रयास पछि वालिङको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोउन्ती गरी अस्पताल बनाउनमा आवश्यक पर्ने जग्गा व्यवस्थापनमा समन्वय गरी दिन भनी PHC बाट लेखि आए बमोजिम निःशुल्क जग्गादाताले जग्गा दिन चाहेमा पनि त्यसरी नै सार्वजनीक सूचना निकालिएकोमा वालिङ ८ स्थित श्री एक नारायाण अर्याल, शीव कुमारी अर्याल, हरिप्रसाद अर्याल,चन्द्रकला क्षेत्री अर्याल, डोलकुमारी अर्याल, दीर्ध नारायाण अर्याल, दयानाथ अर्याल, जीवा कुमारी अर्याल र रुवा कुमारी अर्याल (संयुक्त), मीना कुमारी काफले, लीलाधर काफले र डोल कुमारी काफ्ले गरी १२ जनाको १५ रोपनी २ आना २ दाम क्षेत्रफलको जग्गा दिनु भएको मा पनि वाहांहरु प्रति हार्दिक धयन्वाद र कृतज्ञता प्रकट गर्दछु । सो जग्गा पास गरी लालपूर्जा सहित सम्बन्धित निकायमा पठाईएकोमा अस्पताल निर्माणको पूर्वाधार पूरा भएको तर निर्माणमा गत वर्ष नपरे पनि यस वर्ष प्राप्त हुनेमा विश्वाश लिईएको छ । यो पनि यस अवधीको एउटा उपलब्धीको रुपमा दिईएको छ ।

१६) वालिङ नगरपालिकाको सरसफाई केन्द्रमा तारवार घेर्ने र त्यहा सम्म जानेबाटो निर्माण गर्न जरुरी भएकोले फोहरमैला व्यवस्थापन प्राविधिक स्रोत केन्द्रमा अनुरोध गरी पठाईएकोमा रु.१५ लाख बजेट प्राप्त गर्न सफल भई तारवार घेर्ने काम पूरा भएको र बाटो निर्माणमा सुरुमा वर्षातका कारण पछि नाकाबन्दीले प्रभाव पारी केही काम बांकी रहे पनि विभिन्न दश जातका २०० वटा फलफूलका विरुवा सहीत व्यवस्थापन गर्ने कार्य भएको छ ।

१७) लामो समय देखि वालिङ नगरपालिकामा एक इन्जिनियर जरुरी भएको भनि गरेको गुनासो प्रति १८ औं नगरपरिषद्ले स्वीकृत गरेको दरबन्दी भित्र रहेर चालु आ.व.मा अधिकृत स्तर छैठौं तह प्राविधिक ईन्जिनियर पद लोक सेवा आयोगको प्रक्रियाबाट पूरा गरी पुतली बजार नगरपालिका वडा नं. ९ स्याङजाका श्री रोशन के.सी. लाई छनौट गरी स्थायी नियूक्ति गरीएको छ । अव नगरपालिकामा प्राविधिक जनशक्ति बढेकाले कार्यमा गुणात्मक अपेक्षा गर्न सकिन्छ । यो पदपूर्ति गर्न सक्नु पनि यस अवधिको उपलब्धीको रुपमा लिईएको छ ।

१८) वालिङ नगरपालिकाको १८ औं स्थापना दिवस गत २०७१ माघ ११ गते नगरपालिकाको हलमा “नगरपालिकाको संभावना र चुनौती” विषयक अन्तरक्रिया कार्यक्रम राखी मनाईयो त्यस अन्तक्रियाबाट निस्केको निचोड वास्त मै नगरपालिकाले सोच पत्रको रुपमा रहेको छ । कार्यक्रम बनाउदा यसले महत्वपूर्ण भूमिका दिने देखिन्छ ।

१९) नेपाल सरकारद्धारा जारी “बस्ती विकास शहरी योजना तथा घर नक्शा पास सम्बन्धी आधारभूत मापदण्ड २०७२” हामी स्थानीय निकायहरुका लागी अनिवार्य बाध्यकारी भएकोले र गत बैशाख १२ गते गएको विनाशकारी भुकम्पका कारण त्यसलाई लागू गर्न जरुरी पनि भई सकेकोले सो मापदण्ड लागू गरी त्यस बारे जानकारी दिने उद्देश्यले २०७२।९।१ गते नगरपालिका हलमा गरिएको कार्यक्रमले प्रबुद्ध नगरवासीहरुको सल्लाह सुझाव लिन सहयोग पुग्यो र नीति भन्दा कार्यान्वयनमा जोड दिन नगरपालिकालाई अनुरोध गरिएकोले अव यसको कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा नगरपालिकाले पनि राख्दछ । साथै वालिङ नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६० लाई समय सापेक्ष संशोधन गरी यस परिषद्को निर्णय नं. ७० मा उल्लेख गरीएको छ ।

२०) गत आ.व. धेरै किसिमले विषम परिस्थिती बन्यो । कृषि सडक शिर्षक नै बजेट कटौती हुनु, नेपाल सरकारको अनुदान करीव ४० प्रतिशत बजेट कटौती हुनु, विनाशकारी भुकम्प जानु, अघोषित नाकाबन्दी हुनु आदीका बाबजुत पनि हामीले यस अवधिमा नगरपालिका स्थापना देखी हाल सम्म कै सर्वाधिक बजेट आय-व्यय ९ करोड ७२ लाख

८४ हजार ८ सय ९३ रुपैया (७८ लाख ५३ हजार भुकम्प वापतको राहत रकम बाहेक पनि) कारोवार गर्न सकिएकोले संशर्तका अनुदान करिव रु.३ करोड ल्याउन सक्नु र देशैभरी विकास बजेट खर्च गर्न नसकि रहेको अवश्थामा पनि हामीले विकास निर्माणका कार्यहरु सम्पन्न गर्न सक्नुलाई यस अवधि कै राम्रो पक्षको रुपमा लिएको छु । सबैको सहयोगले यो सफलता प्राप्त गर्न सकिएकोले आगामी दनिमा पनि यसरी नै सबैको सहयोगको अपेक्षा गर्दछु ।

***आदरणीय उपस्थित महानुभावहरु:***

माथि उल्लेखित चालु आ.व. को. वित्तीय अवसथा र हाल सम्म भए गरेका सम्पादीत कार्यक्रहरुबाट चालु आ.व.को अन्तसम्मा बांकी कार्यक्रमहरु सम्पन्न गर्न निम्न कार्यक्रमहरु अवलम्वन गर्ने प्रतिवद्धता यस सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु ।

१) वालिङ नगरपालिकाको फोहरमैला व्यवस्थापन पूर्णरुपमा एउटा ट्र्याकमा आएको छ तर यसलाई निरन्तरता दिई घर-घरबाट कूहिने र नकूहिने फोहर छुट्टायाई निकाल्ने कार्यलाई कडाईका साथ लागु गर्नु पर्ने छ । साथै प्रत्येक हप्ताको एक दिन सार्वजनीक स्थलको सफाई कार्य पून थालनी गरि यसरी सफाई गरिएको स्थलमा फोहर फाल्ने जो कोहीलाई जो सुकैले उजुर गर्न सक्ने र उजुरको आधारमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम कारवाही गरिने छ । कारवाही स्वरुप जरिवानाबाट आएको रकम उजुर कर्तालाई २५ प्रतिशत ले हुन आउने रकम पुरस्कार स्वरुप दिईने छ । यसका लागी सम्पूर्ण महानुभावहरुबाट नगरपालिका सहयोगको अपेक्षा राख्दछ

२) नगरपालिका स्थित सबै वडाहरुमा वडा नागरीक मञ्च क्रियाशील रहेकोले उपभोक्ता समिति गठन गर्न र हरेक कार्यक्रम/क्रियाकलापको कार्यान्वयन गर्न वडा नागरीक मन्च सामाजिक परिचालक र वडा सचिव समेतको उपस्थितीमा सरोकारवाला सबै वर्गको सहभागीतामा मात्र उपभोक्ता समिति गठन गरिनेछ ।

३) सामाजिक परिचालन कार्यक्रमलाई सशक्त र प्रभावकारी रुपमा संचालन गरी आर्थिक तथा सामाजिक रुपले अति विपन्न र वञ्चितीमा परेका समुदायको क्षमता विकास एंव सशक्तीकारण गर्नुका साथै विपन्न समुहको उत्थान गर्ने कार्य गरिनेछ ।

४) नगरपालिकाबाट संचालित आयोजनाहरुलाई प्रभावकारी एंव पारदर्शी रुपमा संचालन गर्न योजना खाता प्रणाली लागु गरी अनिर्वाय रुपमा अनुगमन समिति गठन गर्नु पर्ने र भुत्तानीमा सोको प्रतिवेदन समेत संलग्न गर्नु पर्ने साथै वडा नागरीक मञ्चको सिफारिस गर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

५) नगरपालिकाबाट संचालित आयोजनाहरुलाई प्रभावकरी एंव गुणस्तरीय रुपमा संचालन एवं सम्पन्न गर्न अगुगमन एंव मुल्याङकन प्रणालीलाई अनिर्वाय तुल्याई सम्पूर्ण योजनाहरुमा सुपरीवेक्षण तथा अनुगमन समितिको योजना जाचंपास निर्णय पश्चात मात्र योजनाको अन्तिम किस्ता रकम भुक्तानी हुने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ ।

६) नगरवासीहरुको स्वास्थ्य तथा सरसफाईको अवस्थामा सुधार ल्याउनका लागि यस नगरपालिका खुला दिशामुक्त नगरको रुपमा घोषणा भईसकेको हुदा हाल रहेका कच्ची शौचालयहरुको स्तरवृद्धि गर्दै तथा संभावित स्थानहरुमा थप सार्वजनीक शौचालय निर्माणका लागी जि.वि.स.संग समेत समन्वयन गरी कार्यक्रम संचालन गरी पूर्ण सरसफाईतर्फ उन्मुख तुल्याउदै लगिने छ ।

७) नगरपालिका भित्र रहेका बजारहरुलाई व्यवस्थित गर्नका लागि उद्योग वाणिज्य संघ र बजार व्यवस्थापन समितिको सहकार्यमा फलफूल तथा तरकारी बजारलाई समेत व्यवस्थित र एकत्रित गरिने प्रयास गरिनेछ ।

८) स्थानीय क्लव तथा संघ संस्थाहरुको सहयोग र समन्वयमा आंधीखोलालाई स्वच्छ, सफा र सुन्दर तुल्याउदै सोको संरक्षण र सम्वर्द्धनका लागी सम्बन्धित निकायहरुमा समन्वय र सहकार्य गरी कार्यक्रम अगाडी बढाइने छ ।

९) फोहरमैला तथा सरसफाई व्यस्थापन कार्यमा नागरिकहरुको सहभागीतालाई अभिबृद्धि गरी चालु आ.व.मा नै केही टोलहरुलाई फोहरमैला तथा सरसफाई व्यवस्थापनमा नमूना टोलको रुपमा स्थापित गर्ने र पूर्ण सफाईयुक्त वडालाई थप बजेट व्यवस्था गरी सफाईमा वडा-वडा वीच नै प्रतिस्पर्धा बनाई समग्र नगरपालिकालाई पूर्ण सरफाई युक्त नगरपालिका बनाई फोहर व्यवस्थापनमा नेपाल भरमा वालिङलाई नमूना नगरको रुपमा पहिचान गराउने प्रयास गरिनेछ ।

१० ) आगामी आ.व. २०७३/२०७४ भित्र यस नगरपालिकामा क्षतीपूर्ति सहितको नागरिक वडापत्र लागु गरी सेवाग्रही मैत्री नगर र आ.व. २०७३/२०७४ भित्रमा बालमैत्री स्थानीय शासन नगरको रुपमा घोषणा गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।

११) नगरलाई उज्यालो बनाउने प्रयास स्वरुप नगरपालिका भित्रका मुख्य मुख्य सडक तथा बजार क्षेत्रहरुमा विस्तार गरिएका सडक वत्तीहरुको व्यवस्थापन र विस्तार गर्दै लगिनेछ

१२) यस नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी उक्त जग्गाहरुको संरक्षण एंव सम्वर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

१३) वालिङ नगरपालिका वडा नं. ३ र ५ स्थित मिर्दिबजार खरिवोट मूनिको व्यवस्थित वसर्पाक निर्माणका लागी लागत इष्टिमेट ए.व डिजाईन सहितको प्रस्ताव तयार गरी संघिय मामिला तथा स्थानीय किवास मन्त्रालउ, शहरी विकास मन्त्रालय र अन्य सम्बन्धित निकायमा ठूला योजना स्वीकृत एंव कार्यान्वयन गरि दिनको लागी प्रस्ताव पेश गरिएकोमा हाल शहरी विकास तथा भवन निर्माण निभागबाट रु.४० लाख बजेट प्राप्त भएकाले वसपार्क निर्माणको सुरुवात हुनेछ ।

१४) नगरपालिकाको विकास निर्माण प्राथमिकता प्राप्त आयोजनाहरु कार्यन्वयन गर्न नगरपालिकाको सिमित स्रोत साधनबाट  मात्र संभव नहुने हुदा जिल्ला स्थित विषयगत कार्यालयहरु, केन्द्रीय स्तरका निकाय एंव परियोजनाहरु। सरकारी तथा गैहसरकारी अन्य निकायहरुसंग समन्वय र सहकार्य गरी थप बजेट तथा कार्यक्रम ल्याउन पहल गरिने छ । यसका लागी पहुच स्थापित गर्नु हुने सम्पूर्ण नगरवासी एंव महानुभावहरु प्रति पनि आव्हान गर्दै वालिङलाई व्यवस्थित शहर बनाउन तपसिलका योजनाहरुमा पहल अगाडी बढाउन अनुरोध गर्दछु ।

१) शसस्त्र प्रहरी तालिम वेस क्याम्पलाई जग्गा प्राप्त गरी  सो को लागी स्थायी संरचना निर्माण गर्ने ।
२) खेलमैदानको जग्गा प्राप्ती र रङशाला निर्माण गर्ने ।
३) पूर्वाधार युक्त अस्पतालको निर्माण गर्ने ।
४) ईलाका प्रशासन, मालपोत र नापी कार्यालयका स्थायी संरचना भवन निर्माण सम्पन्न गर्ने ।
५) यवस्थित बसपार्क सहित त्यसका लागी पूर्वाधार यूक्त योजना सम्पन्न गर्ने ।
६) गह्रौकालिका केबुलकार निर्माणका लागी पहल गरी यसैसंग आसपासमा रहेका ध्वाङखोला, बाहुनथान, थामचौर, सेरुङा लगायत सम्भावित पर्यटन क्षेत्रको विकास योजना वनाउने ।
७) सरसफाई (फोहर मैला) व्यवस्थापनका लागी दिर्घकालीन स्थानको  विकास गर्ने
८) विभिन्न उद्यन/पार्क / पुस्तकालय निर्माण गर्ने ।
९) व्यवस्थित शहर निर्माणका लागी शहरी क्षेत्र बाहिर ग्रामणि क्षेत्रलाई समेत समेटेर रिङरोड निर्माण गर्ने ।
१०) पशुवध शाला निर्माण र कृषि उपज बजार व्यवस्थापन केन्द्र Cold Store सहित कृषि  जन्य उद्योगहरुको विकास निर्माण गर्ने ।
११) वालिङलाई उच्च तथा प्राविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।

१२) डिभिजन सडक कार्यालय पूनस्थापना, आन्तरीक राजश्व कार्यालय, यातायात व्यवस्था कार्यालय, मत्स्य विकास कार्यालय, वागवानी विकास केन्द्र आदी जस्ता कार्यालयहरुको स्थापनामा जोड दिने ।

१३) वालिङलाई Free wifi zone स्थापित गरी अधिकतम information यूक्त समाजको विकास गर्ने ।

१४) सिद्धार्थ राजमार्गलाई चार लाईनको रुपमा सडक विस्तार गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

***आदरणीय उपस्थित महानुभावहरु:***

अव म १९ औं नगरपरिषद्को निर्णयले स्वीकृत गरेको आगामी आ.व. २०७३/२०७४ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि निम्न बमोजिम क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु । उक्त क्षेत्रगत नीतिहरु प्रस्ताव गर्दा १८ औं नगरपरिषद्बाट स्वीकृत नीति एवं चालु आ.व.को माथि उल्लेख गरिएका प्रतिवद्धताहरुलाई निरन्तरता दिदै यो नीति तथा कार्यक्रमहरु यहां उल्लेख गरिएको छ ।

***क) भौतीक पूर्वाधार नीति "शहरी पूर्वाधारको आधार , सडक निर्माण र सुधार"***

१) सहभागितात्मक योजना तर्जुमाको चरणहरु पूरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतीक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

२) वसपार्क निर्माण जस्ता ठूला योजनाहरुको कार्यान्वयन पूर्व त्यस्ता योजनाहरुको सम्भव्यता अध्ययन एंव वातावरणीय प्रभाव समेतको मूल्याङकन गरी कार्यान्वयन गरिनेछ ।

३) भवन निर्माण तथा आयोजना निर्माण एंव संचालन निर्देशिकालाई समयानुकुल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४) सडक निर्माण र स्तरोन्नती गर्दा सडक गुरुयोजना बनाई सोको आधारमा सडकहरु पहिचान गरी सोही बमोजिम रकम विनियोजन गरिनुका साथै भईरहेका सडकहरुको स्तरोन्नती र मर्मत सम्भारमा जोड दिईनेछ ।

५) नगरयातायात गुरुयोजना, शहरी गरीवी न्यूनिकरण योजना, व्यवस्थित बस्ती विकास योजना, भूउपयोग योजना तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिनेछ ।

६) योजनाहरुमा जनसहभागीता एंव लागत सहभागीताको पक्ष न्यून बन्दै गईरहेको कटु यथार्थतालाई मनन गरी योजना छनौट गर्दा जनसहभागीता बढी हुने क्षेत्रमा योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अलम्वन गरिनेछ । भने लागत सहभागीता वापतको रकम नतिर्ने उपभोक्ता सदस्यहरुलाई उपभोक्ता समितिको सिफारिसमा नगरपालिकाबाट गरिने सेवा सुविधा रोक्का गरिनेछ ।

७) नगरपालिकालाई पूर्ण सरसफाई तर्फ उन्मुख गराउन खुला दिशामुक्त नगरपालिकाको रुपामा घोषणा भई सकेकोले पूर्ण सरसफाईयूक्त एक सभ्य र सुसंस्कुत नगरपालिकाको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

८) निर्माणधिन वालिङ साना शहरी खानेपानी आयोजनालाई पूर्णरुपमा सम्पन्न गरी नगरवासीहरुलाई स्वच्छ खानेपानी आपूर्ति व्यवस्था गरी सहज र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

९) नगरपालिकाको बजेटबाट संचालन गर्न नसकीने आयोजनाहरुको लागि जिल्लास्तर विषयत कार्यलय दातृ निकाय र केन्द्रीस्तरबाट संचालन गर्नकालगि अनुरोध गर्दै सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१०) यस नगर क्षेत्रभित्रका आधिखोला, अर्मादीखोला, मिर्दिखोला च्यादीखोला र वायखोला समेतका खोलाहरुबाट भएको जग्गा कटानलाई संरक्षण गर्न तटबन्धनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

११) भौतीक पूर्वाधार निर्माणमा विषयगत कार्यालयहरुको समन्वय जिविस सडक डिभिजन कार्यालय, जल उत्पन्न प्रकोप कार्यालय, खानेपानी डिभिजन कार्यालय, शहरी किवास तथा भवन डिभिजन कार्यलय जिलला भू-संरक्षण कार्यालय जस्ता निकायहरुको कार्यक्रमलाई पनि सहकार्यको आधारमा वालिङ नगरक्षेधमा बढिसेबढि कार्यक्रम ल्याउन आवश्यक पहल गरिनेछ ।

### ***ख) <u>कृषि तथा सहकारी नीति</u> "एक वडाको पहिचान, एक कृषि उत्पादन"***

१) व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरी कृषि व्यवसायबाट कृषकहरुको स्तरोन्नती हुने किसिमका आधुनिक, वैज्ञानिक कृषि प्राणली कार्यक्रम सचालन गरिनेछ ।

२) नगरपालिकाका केही पहाडी/ ग्रमिण वडाहरुमा वाखपालन व्यवसाय नमूनाको रुपमा विकास भै रहेकोले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै अन्य वडाहरुमा समेत यसको विस्तार गरिनेछ

३) फलफुल तथा तरकारी खेतीको लागि नगरपालिका अर्न्तगतका वडा नं. ७, ८ र ९ विशेष पकेट क्षेत्र भएकोले त्यसक्षेत्रमा संचाललित कार्यक्रमहरुमा निरन्तरता दिदै अन्य सम्भाव्य वडाहरुमा समेत व्यवशायिक फलफूल तथा तरकारी खेती प्रवर्द्धन गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४) कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाईलाई पनि प्राथमिकता दिदै आवश्यक बजेट विनियोनि गरिएको छ ।

५) टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै लगी क्रमश सहकारीकरण गर्न सघाउ पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

६) समाजमा सहकारीताको विकास गराई समुदायमा आधारित सहकारी संस्था एंव सहकारी उद्यमको विकासको लागि विशेषगरी महिला तथा युवा वर्गलाई प्रोत्सहान गरिनेछ ।

७) कृषि तथा पशु जन्य व्यवसायिक कृषकका लागी कृषि विकास कार्यालय, पशु सेवा कार्यालयबाट तिनका सेवा केन्द्र मार्फत समन्वय र सहकार्य गरी नगरक्षेत्रमा प्राथमिकता साथ कार्यक्रम ल्याउन पहल गरिनेछ ।

***ग) <u>पर्यटन, युवा तथा खेलकुद र शिक्षा नीति</u> "वालिङका सामुदायीक विद्यालय, शुद्ध खानेपानी र लैङ्गिक मैत्री शौचालय"***

१) नगरपालिकाको गह्रौसुर, थामकोचौर बाहुनथान, देवीस्थान, घ्वाङखोला, साउनडाडा गुफा जस्ता महत्वपूर्ण स्थानहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक प्रयास गरिनेछ

२) नगरस्तरीय खेलकुद विकास समितिको समन्वयमा खेलकुद क्षेत्रको विकास एंव प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । यसै आ.व. बाट सुरु गरिएको नगरपालिका स्थापना दिवसको उपलब्धमा माघ ११ मा भलिबल प्रतियोगिताबाट शिक्षा लिई अन्य खेलकुदको विकासमा विस्तार गरिनेछ ।

३) यूवाहरुलाई स्वरोजगार मूलक क्रियाकलापहरु एंव सामाजिक परिर्वतनका वाहकका रुपमा परिचालन गर्ने नीति अवलम्वन गरिनेछ

४) नगरपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने गरी शैक्षिक क्रियाकलापहरु संचालन गर्न प्रोत्सान गरिनेछ ।

५) विद्यालयको भौतिक पूर्वाधार सुधार एंव शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सबै सामुदायीक विद्यालयहरुमा शुद्ध खानेपानीको व्यवस्था र लैङ्गिक शौचालय निर्माणमा ध्यान दिइनेछ ।

६) नगरक्षेत्रभित्र पर्यटन विकासको लागी पर्यटन कार्यालय पोखरा, खेलकुदको लागी जिल्ला खेलकुख विकास समिति र शिक्षा विकासको लागी जिल्ला शिक्षा कार्यालयबाट समन्वय र सहकार्य गरिनेछ ।

***घ) <u>महिला बालबालिका तथा विपन्न/दलित, आदिवासी/जनजाति अपाङ्ग, पिछडिएको वर्ग सम्बन्धी नीति</u> "मेरो आस्था मेरो विश्वास, वालिङ नगरको सामुहिक विकास"***

१) विकासका हरेक क्रियाकलापहरुमा महिलाको सहभागीतालाई अभिबृद्धि गर्दै उनीहरुको सहभागीता र पहुचमा अभिबृद्धि गरिनेछ ।

२) लैङ्गिक विकासका लागि समानुपातीक व्यवहार, लैङ्गिक बजेट र सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३) अन्तराष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धि एंव राष्ट्रिय नीतिहरुले समेत निदिष्ट गरेका वालवालिकाको वाच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागीताको अधिकारलाई स्थानीय स्तरमा प्रवर्द्धन गर्दै लगिने छ । नगर तथा वडा स्तरीय वालसंजाललाई निरन्तरता दिईनेछ ।

४) बालश्रमिक न्यूकिरण एंव बालमैत्री क्रियाकलाप संघन रुपमा अगाडि बढाइने छ ।

५) विपन्न/दलित आदिवासी/जनजाति,सिमान्तकृत वर्गहरुको हक अधिकार प्रवर्द्धन भेदभावको अन्त्य एंव विकास निर्माण प्रकृयामा समावेशीकरण सहभागीता सुनिश्चत गर्न आवश्यक पहल गरिनेछ ।

६) दलित, आदिवासी/जनजाति वर्गहरुको परम्परागत सीप विकास, भाषा संस्कृतिको संरक्षण र सम्वद्धन गर्दै सामाजिक विकासमा सहयोग पुऱ्याउने नीति अख्तियार गरिनेछ ।

७) फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक पहिचान कायम राख्दै आर्थिक सामाजिक विकासमा सहयोग तथा आदिवासी/जनजाति एंव दलित वर्गको सम्बृद्धि र विकासका लागि यथोचित बजेट विनियोजित गरेकोछु ।

८) नगरक्षेत्र भित्र उल्लेखीत वर्गक्षेत्रको विकासको लागी जिल्ला विकास समिति स्याङजा र महिला तथा बालबालिका कार्यालय स्याङजासंग समन्वय र सहकार्य गरिनेछ ।

***ङ) <u>सूचना तथा संचार क्षेत्रको विकास नीति</u>"सूचनाको संचार,वालिङ वासीको आधार"***

१) यस नगरपालिका स्थित सामुदायीक रेडियो, पत्रपत्रिका र केवल T.V. नेटवर्कको संरक्षण एंव प्रवद्धन गर्नको लागी संस्थागत विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

२) स्थानीय पत्रिका F.M. रेडियो, केवल T.V. र टेलीभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकता अनुसार, प्रकाशन एंव प्रसारण गरिनेछ ।

३) सूचना तथा संचार क्षेत्रको विकास अभिबृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ

४) नगरपालिकाले आफनै Email, webpage, facebook जस्ता सामाजीक संजालहरु निर्माण गरी नगरका सर्न्दभमा सोही मार्फत भए गरेको काम कारवाहीहरुलाई अवगत गराउने र नगरवासी र यससंग सरोकार राख्नु हुनेहरु उपर यसै मार्फत सल्लाह सुझाव प्राप्त गर्ने आधारको रुपमा विकास गरिनेछ ।

५) सामाजिक संजाल एंव अन्य संचारका माध्ययमको पहुच बाहिर रहेका नगरवासीहरुलाई जरुरी विषयका सूचनाहरु मारकिङ्ग गर्ने, व्यवस्थित शोधपुछ एंव जनगुनासो सुनुवाईको व्यवस्था मिलाईनेछ ।

***च) <u>सार्वजनीक नीजि साझेदारी नीति</u> "म- तिमि- उनीको, वालिङ नगर सबैको "***

१) मासु व्यवसायी संघसंगको सहकार्यमा मासु पसल सुधार, पुश वधस्थल निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

२) यस नगरपालिका क्षेत्रभित्र वालिङ गह्रौकालीका केवुलकार निर्माण, मनोरञ्जन पार्क,उद्यन, पुस्तकालय आदि निर्माण एंव संचालन गर्न साझेदारीको मोडल तय गरी आवश्यक कार्य प्रकृया अगाडि बढाईनेछ ।

३) फोहरमैला तथा सरसफाई व्यवस्थापनको कार्यलाई सार्वजनीक निजी साझोदारीमा संचालन गरिए जस्तै उद्योग वाणिज्य संघ र अन्य सरोकार निकायसंग संभावित अन्य विकासका क्षेत्रहरुको पहिचान गरी साझेदारीलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

***छ) <u>सुशासन तथा संगठन विकास नीति</u> "चुस्त दुरुस्त प्रशासन, वालिङ नगरकोसुशासन"***

१) यस नगरपालिकाको प्रशानिक तथा संगठनिक संरचना र सस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपर्युक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

२) नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एंव सेवाग्राहीमुखी तुल्याउन व्यवस्थापकिय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

३) नगरपालिकाको संस्थागत क्षमता बृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थीत गर्दै लगिनेछ ।

४) उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता उपभोक्ता समिति, संचार कर्मि टोल विकास समिति आदीलाई पुरस्कृत गर्ने पद्दतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ ।

***ज) <u>सामाजिक परिचालन तथा टोल विकास नीति</u> "टोलको विकास समुदायको उत्थान वडाको बृत्ति नगरको समृद्धिः"***

१) टोल विकास तथा सामूदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियातामा सामूदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

२) नगरपालिकाका सबै वडाहरुमा सामाजिक परिचालन कार्यक्रम क्रमशः लागु गरी सामाजिक सचेतना अभिबृद्धि गर्दै जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।

३) सामुदायिक संस्थाहरु एंव लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमुलक एवं सीपमुलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु टोल विकास संस्था मार्फत गरिनेछ ।

४) वडा नागरिक मन्च एवं नागरीक सचेतना केन्द्रको प्रभावकारी संचालनमा जोड दिईनेछ

५) नगरको सरसफाईमा सहयोग पुऱ्याउन फोहरमैला व्यवस्थापन समिति, टोल विकास संस्था, उपभोक्ता समिति क्लव आमा समूह आदीलाई अगाडी बढाई वहांहरुको सल्लाह सुझावका आधारमा अगाडी बढाईनेछ ।

***झ) <u>आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति</u> "आन्तरिक स्रोतको आधार कर प्राणलीमा सुधार"***

१) समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखापरीक्षण) लाई सवल सक्षम मितव्यती, प्रभावकारी उत्तरदायिक र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिनेछ ।

२) यस नगरपालिकाको लेखा प्रणलीमा सुधार गरी AccrualAccounting System प्रयोगमा ल्याईनेछ । र यसको software निर्माण गर्न मन्त्रालयसंग समन्वय गरी कम्प्युटर प्रणाली बाटै यसको प्रयोग गर्न पहल गरिनेछ ।

३) नगरपालिकाको आन्तरीक राजश्व बृद्धिदर उत्साहजनक रहदै आएकोमा सोलाई कायम राख्न करको दायरालाई विस्तार गर्दै, संभावित करका क्षेत्रहरुको पहिचान गरी सोको कार्यान्वयन गर्दै नगरपालिकाको आन्तरीक श्रोत बृद्धि गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

४) एकिकृत सम्पत्ति कर प्रणाली लागु भै सकेकोले सोलाई समयानुकुल समायोजन एंव परिमार्जन गर्दै यसलाई नगरपालिकाको मुख्य  कर आधारको रुपमा विकास गरिनेछ ।यस आ.व.मा यसको पून:मुल्याङ्कन गरी नयां दरहरु कायम गरिनेछ ।

५) व्यवसाय कर अझै सोचे जस्तो प्रभावकारी हुन सकिरहेको छैन यसलाई  उद्योग वाणिज्य संघसंग गरिएको सहकार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।

६) कार्यालयका महत्वपूर्ण कार्यहरु राजश्व, लेखा, योजना  कर्मचारीहरुको रेकर्ड, घर नक्सा पास आदी सबैलाई विस्तारै Softwire को जडान गरी कम्प्यूटर System बाटै कार्य गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

***ञ) <u>वातावारण, जनस्वास्थ्य तथा सरसफाई नीति</u> "एक नगर, अनेक उद्यान"***

१) सरसफाईमा यस नगरलाई नमूना नगरको रुपमा विकास गरिनेछ । नगरभित्र  श्रृजित फोहर व्यवस्थापनको लागि घरघरमै फोहरको व्यवस्थापन गर्न समुदाय एंव फोहरमैला व्यवस्थानपन समितिको क्षमता विकास गरिनेछ ।

२) यस नगरपाकिलालाई स्वच्छ, सफा सुन्दर र हरियाली बनाई राख्नको लागि सुरु गरीएको वालिङ नगरक्षेत्र बृहत सरसफाई अभियान-२०७१ लाई सफल बनाई प्रत्येक घरको छत वा बरण्डा वा घर अगाडी वा पछाडी कम्तिमा एक रुखको विरुवा, एक फलफुलको विरुवा, एक फुलको विरुवा अनिर्वाय रुपमा रोप्नु पर्ने वातावारण बनाई यसनगरलाई साच्चै नमूना नगर स्थापित गरी Clean &Green City को रुपमा पहिचान गरिनेछ ।

३) नगरक्षेत्रमा प्लाष्टीकको प्रयोगलाई निरुत्साहित गर्दै प्लाष्टीक नियन्त्रित नगरपालिका घोषणा गर्न आवश्यक पहलकदमी अगाडि बढाईने छ । पूर्णरुपमा प्लास्टिक मुक्त गर्न नसके पनि प्लास्टिक नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन कार्य अगाडी बढाईनेछ ।

४) नगरपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेकोले नगरवासीहरुलाई पूर्ण सरसफाई तर्फ उन्मुख गराउदै सम्भावित स्थानहरुमा सार्वजनीक शौचालय निर्माण गर्ने आवश्यक पहलकदमी चालिनेछ ।

५) विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुंच कायम गरिनेछ । साथै बढ्दो जनसंख्या र विस्तारित शहरीकरणलाई समेत घ्यानमा राखी PHC को क्षमता अभिबृद्धि गरी कम्तीमा २५ शौयाको अस्पताल र विशेषज्ञ सेवाको लागि नेपाल सरकारसंग पहल गरिनेछ । साथै स्वास्थ्यसंग सम्बन्धित कार्य जिल्ला जनस्वास्थ्य कार्यालयसंग समन्वय र सहकार्यलाई अगाडी बढाईनेछ ।

६) स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गरी HIV/Aids, लागुपदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिने ।

७) नगरपालिका क्षेत्र भित्र संचालिन ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङकन र Bio- Engineering को प्रविधि अवलम्वन गरिनेछ ।

८) बातावारण संरक्षणका लागी जिल्ला वन कार्यालय स्याङजासंग समन्वय गरी "एक नगर अनेक उद्यन" कार्यक्रम सफल गर्न आवश्यक कार्यहरु अगाडी बढाईनेछ ।

## *ट) अन्य विविध क्षेत्र*

१) नगरपालिका क्षेत्रभित्र आकस्मिक रुपमा पर्न सक्ने दैवी प्रकोप एवं धनजनको क्षती कम गर्न दैवि प्रकोप उद्धार कोषको स्थापना भै सकेकोले यसलाई व्यवस्थित रुपमा संचालनमा ल्याउन र अन्य स्रोतबाट समेत कोष बृद्धिमा पहल गरिनेछ । साथै दैवि प्रकोप उद्धारका लागी आवश्यक सामाग्रीहरु उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

२) नगरको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय संभावनाहरुको विकास र विस्तार गर्नको लागि नगरपालिका संघ, सिटीनेट, क्षेत्रीय अध्ययन केन्द्र जस्ता निकायहरुको उपयोग गर्दै राष्ट्रिय एवं अन्तराष्ट्रिय रुपमा समान प्रकृतिका स्थानीय निकायहरुसंग भगिनी सम्बन्ध कायम गर्ने र त्यस्ता फोरमहरुलाई नगरको विकासको लागि उपयोग गर्ने नीति लिईनेछ ।

३) नगरक्षेत्रभित्र विद्युत सेवा नियमित एंव व्यवस्थित गर्न र ल्याण्डलाईन टेलिफोन सेवा विस्तार गर्नका लागि आवश्यक समन्वय गरी सोको विस्तार गरिनेछ ।

४) सरकारद्धारा जनतालाई उपलब्ध गराईने शान्ति सुरक्षा एंव नियमित सेवा प्रवाहको पक्षमा सेवाग्राहीहरुको माग र भेकीय सन्तुलनका लागि सशस्त्र प्रहरी बेश क्याम्पसलाई स्थायी रुपमै यही राख्न आवश्यक सहयोग गर्ने, ईलाका प्रशासन कार्यालयको भवन निर्माणमा सहयोग गर्ने, नापी र मालपोत कार्यालयहरुको स्थापना गरी तिनको स्थायी कार्यालय स्थापना गर्न आवश्यक पहल गर्ने, कर सेवा केन्द्र यातायात सेवा केन्द्र, मत्स्य विकास केन्द्र वागवानी विकास केन्द्र एउटा पोलि टेक्नीकल ईन्स्ट्यूचिट स्थापना गरी संचालन गर्ने व्यवस्थाका लागि जिल्ला स्थित राजनैतिक दलहरुसंगको समन्वय र सहयोगमा सम्बन्धित निकायहरुसंग समन्वय एवं पहल गरिनेछ ।

५) वालिङ नगरपालिकामा गाभिन उपर्यूक्त देखिएका स्वरेक, छाङछाडी, जगतभज्याङ, थुमपोखरा, तिनदोवाटो र ऐलादी गा.वि.स.लाई यस नगरपालिकाको निर्णय बमोजिम पत्रचार गरिएकोमा तिनदोवाटे गा.वि.स. वाहेक अरु ५ गा.वि.स. वालिङ क्षेत्र भित्र

गाभिन सहमत भै पत्र सहित आएकोमा आवश्यक प्रकृयाको लागी पठाईएकोमा विविध कारण वश गत वर्ष यस नगरको क्षेत्र विस्तार नभए पनि आगामी दिनमा सो क्षेत्र विस्तारलाई निरन्तरता दिन सम्बन्धित निकायमा आवश्यक सहयोग र समन्वय गरिनेछ

***आदरणीय महानूभावहरु,***

अव म १९ औं नगरपरिषद्ले स्वीकृत गरेको आ.व. २०७३/२०७४ को लागि अनुमानित आय तथा व्ययको विवरण/बजेट प्रस्तुत गर्न चाहन्छु ।

***<u>आय तर्फ</u>:***

आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर समेत जम्मा ८९ लाख २ हजार ९ रुपैया अनुमान गरीएकोमा सो मध्येबाट एकीकृत सम्पत्तीकरबाट प्राप्त हुने ६० प्रतिशत पूजिगत खर्चमा लाने गरी चालु तर्फ ७७ लाख ४३ हजार ४ सय ९ रुपैया, नेपाल सरकार प्रशासन अनुदान ५६ लाख ७६ हजार २ सय रुपैया, स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम र नपुग हुने रकम सहित ६२ लाख ६७ हजार २ सय ४१ रुपौया पैसा गरि कुल १ करोड ९६ लाख ७७ हजार ८ सय ५० रुपौया पैसा ६० रुपौया अनुमान गरिएको छ ।

त्यसै गरि पूजिगत तर्फ नेपाल सरकार निर्शत अनुदान १ करोड स्थानीय विकास शुल्क ३४ लाख ९० हजार राजश्व वांडफांड ६५ लाख एकीकृत सम्पत्तीकर (आन्तरीक श्रोत) ११ लाख ५८ हजार ६ सय गरि जम्मा निर्शत तर्फ २ करोड ११ लाख ४८ हजार ६ सय अनुमान छ भने शर्सत तर्फ जगेडाकोष १ कारेड ९५ लाख, सडक वोर्ड नेपाल ४० लाख लागत सहभागीता उपभोक्ताले व्यहोर्ने नगरस्वास्थ्य केन्द्रसंचालन ३ लाख १० हजार जि.वि.स. अनुदान १५ लाख गरि पूजिगत आय ५ करोड ४ लाख ५८ हजार ६ सय रुपैया रहेको छ र चालु पूजिगत दुवै गरि कूल ७ करोड १ लाख ३६ हजार ४ सय ५० रुपौया पैसा ६० अनुमान छ । चालु आ.व.को संशोधीत अनुमान आयमा ९.४६ प्रतिशतले घटी छ । **(यसको विस्तृत विवरण अनुसूची १ क मा संलग्न छ)**

**व्ययतर्फ**

चालुगत खर्चमा उपभोग खर्च तर्फ ९४ लाख ४१ हजार २ सय ४५ रुपैया, संचालन खर्च रु.४० लाख ७१ हजार ५ सय, सेवा तथा कार्यक्रम र अनुदान खर्च रु. १६ लाख ४८ हजार १ सय ५ रुपैया ६० पैसा स्थानीय शासन तथासामुदायीक विकास कार्यक्रम (LGCDP)४५ लाख १७ हजार गरि चालु तर्फ जम्मा १ करोड ९६ लाख ७७ हजार ८ सय ५० रुपैया पैसा ६० अनुमान छ । जुन कुल व्यय अनुमानको खर्च २८.०५ प्रतिशत हुन आउछ । त्यसै गरी पूजिगत तर्फ रु ५ करोड ४ लाख ५८ हजार ६ सय मात्र रहेको छ । जुन व्यय अनुमानीत पूजिगत खर्च ७१.९५ प्रतिशत रहेको छ ।

**भौतीक पूर्वाधर तथा कार्यक्रम तर्फ**

सडक निर्माण, कालोपत्रे तथा मर्मत २ करोड, सिंचाई १५ लाख, बहुउद्देशीय सामुदायीक भवन ५० लाख, जग्गा खरिद कार्यक्रम १ करोड, प्रबद्धनात्मक (वडा स्तरीय) कार्यक्रम ३३ लाख, लक्षीत तर्फ ५१ लाख २७ हजार १० रुपैया मध्येबाट महिला, पिछडिएको वर्ग र बालबालिका कार्यक्रम पूर्वाधार तर्फ २४ लाख १७ हजार १९ रुपैया, आय आर्जन तथा संस्थागत सुधार क्षमता विकास तर्फ १२ लाख ४५ हजार १ सय ३१ रुपैया, विद्यालय शैक्षिक सुधार तथा फरक क्षमता भएका बालबालिकाहरुलाई सहयोग पुग्ने पूर्वाधार निर्माण तथा बालबालिकाहरुलाई पुस्तकालय निर्माण एंव बालसुधार योजना लैङिक बालमैत्री शौचालय निर्माण/मर्मत तथा शुद्ध खानेपानी व्यवस्थापन भौतीक पूर्वाधार तर्फ १० लाख २५ हजार ४ सय २ रुपैया बाल अधिकारका लागी विशेष कार्यक्रम (राष्टिय बालदिवस/अन्तराष्टिय बाल अधिकार, नगरस्तरीय बालसंजाल कार्यक्रम, वालश्रम उन्मुलन तथा बाल क्लवले माग गरेका कार्यक्रमहरु संचालन गर्न १ लाख ९६ हजार ४ सय ८६ रुपैया खेलकूद विकास कार्यक्रम तर्फ २ लाख ४२ हजार ९ सय ७२ रुपैया वाडफांड गरी लक्षीत वर्गसम्म कार्यक्रमहरु प्रभावकारी रुपमा पुऱ्याउने व्यवस्था मिलाईएको छ । त्यसै गरी फर्निचर मेशीनरी औजार समेत ३ लाख ४० हजार विपद् जोखिम प्रकोप व्यवस्थापन ५० हजार, मासु व्यवसाय सुधार कार्यक्रम पशु सेवा केन्द्रसंगको सहकार्य १५ हजार, वातावरण संरक्षण व्यवस्थापन वातावरण मैत्री ५० हजार, जलबायु परिर्वतन प्रभाव नयूनिकरण ५० हजार, बालशिक्षा/वाल विकास केन्द्र / वालश्रम निशेध कार्यक्रम ५० हजार, योजना मर्मत सम्भार कोष खाता ७२ हजार, ५ सय ४२ रुपैया कन्टेन्जेन्सी निर्दशिका बमोजिमको कार्य २ लाख ८५ हजार ४ सय ४८ रुपैयम, संचार टि.भी रेडीयो तथा पत्रपत्रिमा कार्यक्रम १ लाख, कार्यसम्पादन मापन निर्देशिका बमोजिमको कार्यक्रम २ लाख, भू-उपयोग योजना ५० हजार, सडक मापदण्ड निर्धारण लगतकट्टा कार्य २ लाख ५० हजार, सडक वत्ती व्यवस्थापन ५० हजार,सरसफाई अर्न्तगत कुचिकारहरुको तलब तथा भौतिक पूर्वाधार तथा जग्गा भाडा व्यवस्थापन १० लाख, एकीकृत सम्पत्तीकरबाट संचालीत वडा कार्यक्रम तर्फ ११ लाख ५८ जहार ६ सय, जिल्ला विकास समितिको अनुदानमा संचालन हुने कार्यक्रम १५ लाख, नगरस्वास्थ्य संचालन कार्यक्रम ३ लाख १० हजार विनियोजन गरिएको छ । जुन चालु आ.व.को संशोधीत पूजिगत व्यय अनुमानीतमा १५.२२ प्रशितले घटी रहेको छ । ***(यसको विस्तृत विवरण अनुसूची २ क मा संलग्न छ )***

***आदरणीय उपस्थित महानुभावहरु:***

कुनै एक क्षेत्रको विकासले मात्र समग्र नगरपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थतालाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं, भने अर्को तर्फ सिमित श्रोत र साधनलाई प्राथमिकताको आधारमा वाडफाड गर्दा श्रोत

छिरोलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनहरुमा थप श्रोत पहिचान र परिचालनमा घ्यान दिनु पर्ने देखिन्छ । त्यस्तै यस नगरपालिकाको दीर्घकालिन विकासका लागि नगरपालिकाको श्रोतले भ्याउन नक्सने जिल्लास्तरी र केन्द्रीयस्तरका ठुला लगानीका आयोजनाहरु संचालन गर्नु पर्ने भएकोले त्यस्ता आयोजना जिल्लास्तरमा जिल्ला विकास समिति र केन्द्रीय स्तरका आयोजनाहरुको लागि केन्द्रमा आवश्यक पहलकालागि माननीय संविधान सभा सदस्यज्यूहरु मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन, यसको लक्ष्य एंव उद्देश्य प्राप्तिकालागि प्रभावकारी कार्यान्वयन अनुगमन एंव  मूल्याङकन जरुरी हुन्छ । यसका साथै संस्थागत, नीतिगत कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन । उपरोक्त नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सदाभैं सम्पूर्ण नगरवासीहरु एवं सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह, सुभाव एंव सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम र बजेट तर्जुमाका रुपमा हरबखत अमूल्य सुभावका साथ सहयोग दिनु हुने नगरस्थित राजनैतिक दलका पदाधिकारी एंव प्रतिनधिज्यूहरुको विकास प्रतिको एकता, संवेदनसिलता, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु बीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अन्त्यत महत्वपूर्ण उपलब्धी हुन आएकाले वहांहरुप्रति हार्दिक आभार एंव कृतज्ञाता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउनुहुने वडा नागरीक मन्चका सम्पूर्ण पदाधिकारीज्यूहरु लगायत विषयगत कार्यालयहरु, नागरिक समाज,गै.स.स. सामुदायीक तथा निजि क्षेत्रका संघसंस्था, एकिकृत योजना तर्जुमा समितिमा रहेर योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरु, व्यवसायी, उद्यमी समाजसेवी बृद्धिजिवी, संचारकर्मी लगायत सहकर्मी कर्मचारी साथिहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । पुन यस परिद्षबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा वालिङ नगरको भौतिक पूर्वाधार लगायत आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव गर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट सदाभैं निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने प्रमुख अतिथि माननिय  सभासद ज्यूहरु, विशष्टि अतिथिज्यूहरु सबै अतिथिज्यूहरु र अन्य सम्पूर्ण उपस्थित महानु भावहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै पुनः सबैमा धन्यवाद सहित विदा हुन्छु । धन्यवाद ! नमस्कार !

**सुरथ पोखेल**
**प्रमुख एवं कार्याकारी अधिकृत**